# विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१४**

मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापन (सडक संचालन तथा बस्ती संरक्षण) को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुनेगरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण ब्यबस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**<u>तपसिल:</u>**

1. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा नगरपालिकाले उपलब्ध गराएको फारममा सम्वन्धित वडा प्राबिधिक (साइट इन्चार्ज) ले प्रमाणित गरेको घण्टाको आधारमा प्रत्येक महिना बिल उपलब्ध गराइनेछ।
2. प्रत्येक पटक गर्ने कार्यको नगरपालिकाबाट लिखित कार्यादेश लिनुपर्नेछ। तर तत्काल कार्यादेश लिन सम्भव नभएमा, पछि कार्यादेश लिने गरी नगरप्रमुखको मौखिक आदेशमा काम गर्न सकिनेछ।
3. इच्छुक निर्माण व्यवसायीले सम्झौता भएको मिति देखि असोज २० गतेसम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ।
4. विपद् व्यवस्थापनको कार्य नगर क्षेत्र भित्र १० वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ।
5. इच्छुक निर्माण व्यवसायीले एक थान Tracked Excavator , दुई थान Backhoe Excavator (Wheeled) एक थान Tripper र दुई थान Tractor तयारी अवस्थामा राख्नुपर्नेछ।
6. आफ्नै कम्पनीको उपकरण नभएमा अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ। यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एक भन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन्।
7. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै ब्यबस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ। यसका लागि नगरपालिका समक्ष कुनै दावी गर्न पाइनेछैन।
8. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दूर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ।
9. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ३०,००० ( अक्षरुपी तिस हजार रुपैयाँ मात्र) बराबरको रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं 06303000003000000001 मा धरौटी जम्मा गर्नुपर्नेछ।
10. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु १००,०००.०० ( अक्षरुपी एक लाख रुपैयाँ मात्र) को ४ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ। निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट बिपद् व्यवस्थापन कार्य गरिनेछ।
11. नियमानुसार सूचना प्रकाशित भएको मितिले ७ औ दिन कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ। यसरी दर्ता हुन आएका प्रस्तावपत्र ८ औ दिनको १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ

। प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

12. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनेछैन।
13. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले सबै आइटमको छुट्टाछुट्टै दररेट पेश गर्नुपर्नेछ। यसरी पेश गरेको दररेटका आधारमा प्रति आइटम सबैभन्दा कम दररेट पेश गर्ने निर्माण व्यवसायीको दररेट स्वीकृत गरिनेछ। यसरी दररेट स्वीकृत गर्दा Backhoe Excavator (Wheeled) को न्यूनतम दररेटलाई मुख्य आधार लिइनेछ।
14. खामबन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र ,कर चुक्ताको प्रमाणपत्र र मेशिन सम्वन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्नेछ।
15. दररेट प्रस्ताव फाराम यस कार्यालयको वेबसाइट www.benimun.gov.np बाट download गर्न सकिनेछ।
16. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| क्र.स. | बिवरण | परिमाण | स्पेशिफिकेशन | अधिकतम दर रेट (VAT बाहेक) |
|---|---|---|---|---|
| १ | Backhoe Excavator (Wheeled) | २ थान | Capacity: 90 HP or above | रू.३०२५.२९/घण्टा |
| २ | Tracked Excavator (with breaker) | १ थान | Capacity: 150HP or above | रू.४६०७.६२/घण्टा |
| ३ | Tripper | १ थान | - | रू.२०५३.६३/घण्टा |
| ४ | Tractor | २ थान | - | रू.१३२५.८५/घण्टा |

Engineer

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट प्रस्ताव फाराम

श्री बेनी नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**विषयः दररेट पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापनको कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुनेगरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण ब्यबस्थापन सहित) उपलब्ध गराउन मिति २०८१/०३/१४ गते प्रकाशित सूचना अनुसार दर रेट पेश गर्न इच्छुक भएकोले रु ३०,००० (तिस हजार रुपैया मात्र) धरौटी बापत जम्मा गरेको सक्कलै भौचर र अन्य आवश्यक कागजातहरु संलग्न गरी दररेट प्रस्ताव सिलबन्दी गरी पेश गरेको छु ।

| क्र.स. | मेसिनको बिवरण | परिमाण | स्पेशिफिकेशन | कबोल गरेको दररेट ( VAT बाहेक) (रू. /घण्टा) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | Backhoe Excavator (Wheeled) | २ थान | Capacity: 150HP or above | | |
| २ | Tracked Excavator (with breaker) | १ थान | Capacity: 90 HP or above | | |
| ३ | Tipper | १ थान | - | | |
| ४ | Tractor | २ थान | - | | |

प्रस्ताव पेश गर्ने फर्मको नाम :

हस्ताक्षर/छाप:

संचालकको नाम:

बुवाको नाम:

बाजेको नाम:

ठेगाना:

सम्पर्क नं.:

मिति: